# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग १३ गते २०२३ साल

### श्री ५ को सरकार
### वन-मन्त्रालयको
### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बीरगंज, मुडुली बगैंचाभित्रको निम्नलिखित जग्गा "दि. टिम्बर कर्पोरेशन अफ नेपाल" को बीरगंजमा खोलिने बिक्री डिपोको निमित्त प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा-धनीले जग्गाको मोल र अरू नोक्सानीबापत यस ऐनबमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

बीरगंज एस. पी. अफिस जाने मूल सडकदेखि दक्षिण, पानी टंकीको पर्खालदेखि उत्तर, पोष्ट अफिसले पाएको जग्गादेखि पूर्व, पोखरीको डिलदेखि पश्चिम यति ४ किल्ला-भित्रको मालपोत रू. ३२।४० लागेको जम्मा जग्गा १।।२।३ एक विगाहा बान्ह कट्टा आठ घुरको किता २ दुई।

आज्ञाले-
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको का. मु. सचिव।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226